१२ वैशाखदेखि काठमाडौंमा हिमालयन हाइड्रो एक्स्पो

नयाँ पत्रिका

चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' यही १२ वैशाखबाट सुरु हुँदै छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त रूपमा गर्न लागेको एक्स्पो काठमाडौंको भृकुटीमण्डपमा हुनेछ।

लगानी सम्मेलनको पूर्वसन्ध्यामा १२, १३ र १४ वैशाखमा हुने एक्स्पोको सबै तयारी सकिएको छ। सरकारले आगामी १६ र १७ वैशाखमा गर्न लागेको लगानी सम्मेलनलाई समेत सहयोग हुने गरी 'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित एक्स्पो गरिँदै छ। वैशाख १२ गते बिहान ६:३० बजे विद्युतीय सवारी ‍चाली गर्दै एक्स्पोको सुरुवात हुनेछ भने वैशाख १३ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट एक्स्पोको समुद्घाटन गर्ने कार्यतालिका तय भएको छ । एक्स्पोमा जलविद्युत् निर्माणसम्बन्धी आवश्यक सामग्री तथा सेवाको जानकारी तथा प्रदर्शनी हुनेछ।

'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित आयोजना गर्न लागिएको हो। एक्स्पोमा विभिन्न विषयमा अन्तर्क्रिया र उच्चस्तरीय बिजनेस मिटिङहरू पनि आयोजना गरिएको छ। जसमा भारतका प्रतिष्ठित अडानी ग्रुप, पिटिसीलगायतका कम्पनीका प्रतिनिधिसँग बिजनेस मिटिङ हुनेछन्। एक्स्पोमा अहिलेसम्म १२ भन्दा बढी देशका सयभन्दा धेरै स्टलहरूको बुकिङ सम्पन्न भइसकेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना हुने हाइड्रो एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास रहेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले यो एक्स्पो ऊर्जा विकासका लागि कोसेढुंगा हुने बताए।

सरकारको लक्ष्य पूरा गर्न एक्स्पोले सहयोग गर्छ

● **गणेश कार्की**, अध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

सरकारले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन सम्झौता भइसकेको छ। त्यो लक्ष्य प्राप्ति गर्न र सोहीअनुसार ऊर्जा क्षेत्रलाई अगाडि बढाउन यसले सहयोग पुग्नेछ।

'सरकारलले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन सम्झौता भइसकेको छ।

यसैगरी, बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने योजना छ। त्यो लक्ष्य प्राप्ति गर्न नेपालमा द्रुतगतिमा जलविद्युत् आयोजना बनाउनुपर्नेछ,' उनले भने, 'सोहीअनुसार ऊर्जा क्षेत्रलाई अगाडि बढाउन यसले सहयोग पुग्नेछ।'

लगानी सम्मेलनलाई पनि सहयोग पुग्छ

● **विजयसागर प्रधान**, प्रबन्ध निर्देशक, एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज

लगानी सम्मेलनमा सोकेस हुने परियोजनामा अधिकांश ऊर्जासम्बन्धी नै छन्। त्यो अवस्थामा सम्मेलनकै पूर्वसन्ध्यामा एक्स्पो गर्दा लगानीकर्तालाई यहाँको ऊर्जा क्षेत्रबारे विस्तृत रूपमा जानकारी हुन्छ। त्यो अवस्थामा यो कार्यक्रमले लगानीसमेत प्रवर्द्धन गर्छ।

यस्तै, एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेजका प्रबन्ध निर्देशक विजयसागर प्रधानले एक्स्पो प्रवर्द्धकलाई पनि बढी फाइदाजनक हुने बताए। 'एक्स्पोमा विदेशी कम्पनीले जलविद्युत् परियोजनासम्बन्धी मेसिन तथा सामग्री प्रदर्शनीमा राख्छन्। त्यो अवस्थामा स्वदेशी प्रवर्द्धकलाई छनोटको अवसर हुन्छ। साथै, सम्बन्धित कम्पनीसँग प्रत्यक्ष रूपमा भेटघाट गर्ने अवसर पनि हुन्छ,' उनले भने, 'यसैगरी जलविद्युत् परियोजनासम्बन्धी सामग्री तथा मेसिस बनाउने कम्पनीलाई पनि बजार विस्तार गर्ने अवसर हुन्छ।'

यस्तै, लगानी सम्मेलनका लागि पनि यो कार्यक्रम फाइदाजनक हुने उनको भनाइ छ। 'सम्मेलनमा सोकेस हुने परियोजनामा अधिकांश ऊर्जासम्बन्धी नै छन्। त्यो अवस्थामा सम्मेलनकै पूर्वसन्ध्यामा एक्स्पो गर्दा लगानीकर्तालाई यहाँको ऊर्जा क्षेत्रबारे विस्तृत रूपमा जानकारी हुन्छ,' उनले भने, 'त्यो अवस्थामा यो कार्यक्रमले लगानीसमेत प्रवर्द्धन गर्छ।' नेपालमा उत्पादित बिजुलीको खपत वृद्धि गर्न तथा निर्यात बजारीकरणको ठूलो सम्भावनाबारे ज्ञान र सूचना आदान-प्रदान गर्न पनि एक्स्पो उचित हुने बताइएको छ।

कुमारी बैंकले गऱ्यो १० लाख बिमा रकम भुक्तानी

काठमाडौं/ कुमारी बैंक लिमिटेडले १० लाख रुपैयाँको दुर्घटना बिमा रकम भुक्तानी गरेको छ। 'परिवार सुरक्षा बचत खाता योजना'अन्तर्गत खाताधारकलाई सो रकम हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

खाताधारकको परिवारको तर्फबाट कावासोती नगरपालिका वडा नं २ निवासी निज खाताधारक लक्ष्मी पाण्डे र उनका श्रीमान् विश्वनाथ पाण्डेलाई संयुक्त रूपमा रकम हस्तान्तरण गरिएको थियो।

उक्त रकम कुमारी बैंक लिमिटेडको कावासोती शाखाबाट हस्तान्तरण गरिएको बैंकले जनाएको छ। नेको इन्स्योरेन्सबाट बिमा दाबी रकम प्राप्त भई कुमारी बैंक लिमिटेडमार्फत सो रकम भुक्तानी गरिएको बताइएको छ।

कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ। यस खातामा खातावालासहित परिवारका चारजना सदस्यले २६ लाख रुपैयाँसम्मको बिमा सुविधा प्राप्त गर्न सक्छन्।

सो खातामा आकस्मिक दुर्घटना, मृत्यु, पूर्ण शारीरिक अशक्तता, चिकित्सा उपचार र घातक रोगका लागि बिमा सुविधा प्रदान गरिने बैंकले जनाएको छ। बैंकले विगत चार वर्षदेखि ग्राहकका सुविधाका लागि 'परिवार सुरक्षा बचत खाता योजना'मार्फत बिमालगायत अन्य सुविधा प्रदान गर्दै आएको छ।

टान सदस्यले गरिमा विकास बैंकमा सहुलियतमा सरल कर्जा पाउने

काठमाडौं/ गरिमा विकास बैंक लिमिटेड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकीबीच सदस्य संस्थालाई कर्जामा सहुलियतसहितको सेवा उपलब्ध गराउने सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट क्षेत्रीय कार्यालय पोखराका क्षेत्रीय प्रबन्धक भोलाप्रसाद तिवारी र टान गण्डकीको तर्फबाट अध्यक्ष धर्मराज पन्थीले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार टानका सदस्यलाई गरिमा बैंकले अधिकतम ५० लाख रुपैयाँसम्म गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा सहुलियत ब्याजदरका साथ उपलब्ध गराउनेछ। साथै, पाँच लाख रुपैयाँसम्मको बैंक ग्यारेन्टी मात्र १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराउने पनि जनाएको छ। यो सेवाले टान सदस्यलाई व्यापार-व्यवसायमा सहजीकरण हुने बैंकले विश्वास लिएको छ। टानले बैंकलाई बैंकिङ पार्टनरका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ। यसअघि बैंकले टानको केन्द्रीय संगठनसँग काठमाडौंमा यसै किसिमको सम्झौता गरिसकेको छ।

बालबालिकालाई मुक्तिनाथ विकास बैंकको कृत्रिम हात सहयोग

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले गैरनाफामूलक संस्था इनेबल नेपालसँगको साझेदारीमा कृत्रिम हातको आवश्यकता पर्ने बालबालिकालाई त्यस्ता हातहरू वितरण गरेको छ।

बैंकका सहायक नायब प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गरुङ र इनेबल नेपालका पदाधिकारीले कृत्रिम हात वितरण गरेका हुन्। अहिले बैंकले पाँच थान कृत्रिम हात वितरण गरिसकेको र निकट भविष्यमा थप वितरण गर्ने बैंकका गुरुङले बताए।

यस सहयोगबाट लाभकारी बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन हुने र आत्मविश्वास बलियो गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ।

अनरको 'म्याजिक भी-२' सार्वजनिक

काठमाडौं/ अनर नेपालले 'अनर म्याजिक भी-२' फोन सार्वजनिक गरेको छ। नेपालका लागि अधिकारिक विक्रेता, सेलट्रोन नेपाल प्रालिले यो पातलो फोल्डेबल फोन नेपाल ल्याउन पहल गरेको बताइएको छ।

दुई सय ३१ ग्राम तौल भएको र फोल्ड गर्दा ९.९ एमएम मोटाइ भएको यो फोन अहिलेसम्मकै सबैभन्दा पातलो र हलुका फोल्डेबल फोन भएको कम्पनीको दाबी छ। सुपर लाइट टाइटेनियम हिन्ज फिचर भएको उक्त फोनमा १० वर्षसम्म दिनको सयपटक फोल्ड गर्दा पनि केही नहुने कम्पनीले दाबी गरेको छ।

पातलो डुअल सिलिकन कार्बन ब्याट्री मात्र २.७२ एमएमको औसत मोटाइका साथ डेब्यु गर्ने र पाँच हजार एमएएचको ब्याट्री क्षमता रहेको छ। यसले फोन बारम्बार चार्ज गर्नुपर्ने झन्झटबाट मुक्ति दिने कम्पनीले जनाएको छ।

अनर म्याजिक भी-२ पर्पल र ब्ल्याक गरी दुई रङमा उपलब्ध रहेको बताइएको छ। यसको बजारमूल्य १६/५१२ जिबीको भेरियन्टका लागि दुई लाख ३९ हजार ९९ रुपैयाँ तोकिएको छ। आकर्षक अफरहरू र उपहारसहित देशभरि उपलब्ध रहेको कम्पनीले जनाएको छ।

महालक्ष्मी विकास बैंकको महिला सशक्तीकरण अभियान

काठमाडौं/ महालक्ष्मी विकास बैंकले महिला उद्यमीलक्षित सशक्तीकरण अभियान सुरुवात गरेको छ। बैंकले सार्वजानिक यातायातको क्षेत्रमा विद्युतीय सवारीका माध्यमबाट महिला सशक्तीकरण गर्ने अभियानको सुरुवात गरेको हो।

यसै सन्दर्भमा महिला उद्यमीलाई इभीको साँचो हस्तान्तरण गरिएको बैंकले जनाएको छ। पर्यावरणमैत्री यातायातको बढ्दो माग र आवश्यकतालाई सम्बोधन बैंकले हरित कर्जाअन्तर्गत यस्तो अभियान विस्तार गर्ने जनाएको छ।

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देही तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

(मिति २०८१/०१/१० गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित)

यस बैंकबाट ऋणकर्जा उपभोग गरेको तपसिल बमोजिमका ऋणीले बैंकबाट ऋणकर्जा लिंदा बैंकलाई गरिदिएको लिखत र कर्जा स्वीकृति पत्र लगायतका लिखतहरुको शर्तमा तोकिए अनुसार तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा जे जो लागेको हर्जाना ब्याज समेतको सम्पूर्ण लेना बक्यौता रकम नबुझाई ऋणकर्जा लिंदा बैंकसाग गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट बिभिन्न मितिहरुमा मौखिक एवम् लिखित रुपमा पटक-पटक तर-ताकेता गर्दा समेत सो को प्रति बेवास्ता गरी, चासो नदेखाई बैंकको ऋणकर्जाको दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै आलटाल, अटेरी, किचलो गरी तदारुक्ता नदेखाएको हुँदा उक्त सम्पुर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्नकोलागि तपाई ऋणी, जमानीकर्ता तथा अन्य सम्बद्ध सम्पुर्ण पक्षहरुको नाममा बैंकको बाँकी बक्यौता रहे भएको सम्पुर्ण **"ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको यो ३५ दिने सार्वजनिक सूचना"** प्रकाशित गरिएको छ।

अतः तपाई ऋणी, जमानीकर्ताहरुले यस बैंकमा अविलम्व सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा बैंकलाई तिर्नु बुझाउनु पर्ने बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतको र कम चुक्ता भुक्तान गरी बैंकको कर्जा फर-फारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ताहरु एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त तोकिएको म्यादै भित्र बक्यौता रहेको सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर-बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजहरुको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमो जिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्र लि. को **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधि भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सो को ब्याज दै-दस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/०६/२७ मा दर्ता नं. ७७०७५/०६७/०६८ अन्तर्गत दर्ता भएको **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि।**
ठेगानाः कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स वडा नं. ८, वीरपुर, कपिलवस्तु।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. बलराम गैरेको नाति मुकुन्द प्रसाद गैरेको छोरा स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने ना.प्र.नं. ४७९९/६०५ (जारी मिति २०४१/०२/२८, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) भएका **पिताम्बर गैरे।**
२. समर बहादुर श्रेष्ठकी नातिनी राम प्रकाश श्रेष्ठकी छोरी काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३ बस्ने ना.प्र.नं. ३०-०१-६९-००६३५ (जारी मिति २०६९/०१/२१, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) भएकी **सुश्री जेनी श्रेष्ठ।**
३. घनश्याम न्यौपानेकी छोरी मुकुन्द प्रसाद गैरेकी बुहारी, पिताम्बर गैरेकी श्रीमती, स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने ना.प्र.नं. ६०७७ (जारी मिति २०५८/१२/१९, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) भएकी **श्रीमती कृष्ण कुमारी गैरे।**
४. समर बहादुर श्रेष्ठको नाति राम प्रकाश श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३ बस्ने ना.प्र.नं. ३०१०३७/१६७८०१ (जारी मिति २०६४/१२/१८, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) भएका **रोहित श्रेष्ठ।**
५. फत्त बहादुर गौतमको नाति जिव नाथ गौतमको छोरा रामेछाप जिल्ला गुन्सी भदौरे गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं ३२ बस्ने ना.प्र.नं. २७८०६ (जारी मिति २०५२/०५/०७, जिल्ला प्रशासन कार्यालय, रामेछाप) भएका **टंक प्रसाद गौतम।**
६. मुक्तिनाथ चौलागाईको नाति गंगा प्रसाद चौलागाईको छोरा काभ्रेपलाञ्चोक जिल्ला कात्तिके देउराली गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ६ बस्ने ना.प्र.नं. ५६५७० (जारी मिति २०५२/०३/२०, जिल्ला प्रशासन कार्यालय, काभ्रे) भएका **सोम प्रसाद चौलागाई।**
७. बाला बक्श अग्रवालको नाति सत्यनारायण अग्रवालको छोरा कपिलवस्तु जिल्ला कृष्णनगर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं. ३ बस्ने ना.प्र.नं. २१९८/५१४ (जारी मिति २०४०/०२/३१, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु) भएका **सुशिल कुमार अग्रवाल।**

धितो सुरक्षणहरुको विवरण

१. **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक जवाभारी गा.वि.स वडा नं ८क हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.९१९ क्षेत्रफल ४-३-७ विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक वीरपुर गा.वि.स वडा नं १ ख हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.३२७ क्षेत्रफल ०-०-१० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सम्बन्धित धितोदिनेको सहमति अनुसार रोक्का रहेको अचल सम्पत्तिको विवरणः
स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने **पिताम्बर गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. क्रमशः ५३६, ५४४, ४३१, ४७५, ५४२ र ४३० क्षेत्रफल क्रमशः ०-५-१०-०, ०-५-०-०, ०-३-१९-०, ०-१०-०-०, ०-९-०-० र ०-३-७-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने **कृष्ण कुमारी गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. ४५९ क्षेत्रफल ०-६-०-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

सर्टिफिकेट हरायो

मिति २०८०/११/२० गते भक्तपुर लोकन्थलीदेखि नयाँठिमिसम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Bibek Gauro
Reg.No : 783310030263
Symbol No. : 93147207
Contact : 9829081003

सर्टिफिकेट हरायो

मिति २०८०/९/१५ गते भक्तपुर लोकन्थलीदेखि नयाँठिमिसम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Dipendra Thakur Bhrahi
Reg.No : 782170550059
Symbol No. : 21707223
Contact : 9815836416

Kwholasothar Rural Municipality
Office of the Rural Municipal Executive
Maling, Lamjung

Invitation for Bids

First Date of publication : 22th April 2024 (2081/01/10)

1. Kwholasothar Rural Municipality invites **only electronic bids** from Nepalese eligible bidders for the project mention below under National Competitive Single Stage, Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit only E-bid as per instruction within mention period.

Name of Project	Contract ID	Bid Security Amount/ Validity	Bid Validity Period	Bid Document Fee
Kamro & Lamkyu Khola Motor Pul Nirman	03-NCB/ BRIDGE/ KGP/2080/81	18,00,000/ 120 day	90 days	5,000

Last Date and Time for Bid Submission	22th May 2024 (2081/02/09) till 12.00 hrs
Pre-Bid Meeting Date, Time and Location	14th May 2024 (2081/02/01) 11.00 hrs at Office
Bid Opening Date, Time and Location	22th May 2024 (2081/02/09) 14.00 hrs at Office
Account Details for Bid Document Fee	**Account Details for Bid Security Deposit**
Bank : Himalayan Bank Limited, Maling, Lamjung Office : Kwholasothar Rural Municipality, Maling, Lamjung Account Name. : Ga-1-1 Antarik Rajaswo Account Number : 25650335660152 Rajaswa (revenue) Shirshak no. : 14229 Office Code No :	Bank : Himalayan Bank Limited, Maling, Lamjung Office : Kwholasothar Rural Municipality, Maling, Lamjung Account Name : Ga-3 Stha. Taha Dhar Kh Account Number : 25650335660063

Chief Administrative Officer

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०१/१० गते

यस माछापुच्छे बैंक लि. आबुखैरेनी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०५/२७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, तनहुँमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **काठमाडौं मोडेल टेलर्स**।
प्रा.फ.नं. घ तथा सा.उ.दि.स. ३१९८/०६९/०७०, दर्ता मिति : २०६९/०५/१३, पान नं. ३०४०२८७६०, दर्ता मिति : २०६७/०४/२३
ठेगाना : तनहुँ जिल्ला, आबुखैरनी गा.वि.स. वडा नं. ६, हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरु

१. मिठु परियार	२. जिवन बाबु परियार
ना.प्र.नं. ४४१०२०/२०१, जि.प्र.का. गोरखा	ना.प्र.नं. ३७६९८, जि.प्र.का. गोरखा
जारी मिति : २०६५/०९/१३	जारी मिति : २०५० /०३/२७
बाबु : किता बहादुर परियार	बाबु : जिते दमाई, बाजे : धुर्व दमाई
पति : जिवन बाबु परियार, ससुरा : जिते दमाई	ठेगाना : गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४
ठेगाना : गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४	हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १
हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १	

धितोमा रहेको सम्पत्तिको विवरण

१. जिते दमाईको बुहारी, जिवन बाबु परियारको पत्नि, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १ बस्ने मिठु परियारको नाममा मालपोत कार्यालय तनँहुमा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबु गा.वि.स. वडा नं. १ स्थित कि.नं. १५५४ को क्षेत्रफल ०-३-२-१ (रो.आ.पै.दा.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. काठमाडौं मोडेल टेलर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आ